# बडीमालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### एक्सरे मेसिन आपूर्ति सम्बन्धि शिलबन्दी दरभाउपत्र आहवानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०३/६

यस कार्यालय अन्तरगत जिल्ला स्वास्थ्य कार्यालय बाजुराको लागि चालु आर्थिक वर्ष २०७४।७५ को वार्षिक विकास कार्यक्रम अनुसार नेपाल गुणस्तर प्राप्त र स्पेसिफिकेसनमा उल्लेख भए अनुसारका डिजिटल एक्सरे सि.आर.सिस्टमको शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक, निर्माता/कम्पनी/अधिकृत विक्रेता/सप्लायर्सहरु बाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, निर्माता कम्पनी, सप्लायर्सहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व. ०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैंक लि., बाजुरामा रहेको राजश्व खाता नं. ४०७०३०४०२४२०२ मा दाखिला गरेको सक्कलै बैंक भौचर बुझाइ यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. ठेक्का न. २/०७४/०७५ को हकमा दरभाउपत्र दाता आफै डिजिटल एक्सरे सि.आर.सिस्टम उत्पादन कर्ता भएमा आफैले दरभाउपत्र खरिद गर्न पाउने र दरभाउपत्र दाता आफै उक्त डिजिटल एक्सरे नबनाउने वा उत्पादन नगर्ने भएमा दरभाउपत्र खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को दफा २५ को उपदफा ३ बमोजिम डिजिटल एक्सरे आपूर्ति सम्पूर्ण अधिकार आफूलाई एकलौटी रुपमा रीतपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात दरभाउपत्र दाताले दरभाउपत्र साथ खरिद गर्दा पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम, प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा शिलबन्दी दरभाउपत्र फारम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरी सही छाप गरी शिलबन्दी लाहाछाप लगाइ खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिइ पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्र वा निजका प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४ दरभाउपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत् तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम बडीमालिका कार्यपालिकाको कार्यालय, बाजुराको नाममा राष्ट्रिय बाणिज्य बैंक लि., शाखा बाजुरामा रहेको धरौटी खाता नं. ४०७०३०३००३००४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधि ( Validity ) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

६. दररेट अक्षर र अंक दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

९. शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ ।

१०. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र आई वा फोन नं ०९७५४१०६७ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

११. यस शिलबन्धि दरभाउपत्रको कागजात खरिद गरी पेश गर्नुपर्नेछ।

तपसिल

| ठेक्का नं. | कार्य विवरण | दरभाउपत्र दस्तुर ( रु. मा ) | जमानत रकम ( रु. मा ) | **परिणाम** | डेलिभरी स्थान |
|---|---|---|---|---|---|
| ०२।०७४-७५ | डिजिटल एक्सरे मेसिन सप्लाइ र **टेन्डरमा उल्लेखित स्पेसिफिकेसन अनुसार** | १,०००।०० | **कबुल गरेको ५%** | **थान एक** | ब.न.पा मार्तडी, बाजुरा |

p

२०७५।०३।६

**प्रमुख प्रशासकीय अधिकृत**